# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ १८ गते २०३० साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

सम्माननीय प्रधानमंत्री तथा अर्थमंत्री श्री कीर्तिनिधि विष्टले २०३० साल आषाढ १८ गते रोज २ का दिन दिनुभएको २०३०।३१ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

माननीय अध्यक्ष महोदय,

यस वर्षको आर्थिक स्थितिको सर्भेक्षण प्रतिवेदन यस सदनमा पेश भइसकेको छ। यस बारे फेरि दोहऱ्याई माननीय सदस्यहरूको समय लिन चाहन्न। तर यस वर्ष देशमा आइपरेका आर्थिक समस्याहरूबारे केही उल्लेख गर्न चाहन्छु। गत वर्षमा जस्तै यस वर्ष पनि मौसमको कारणले खाद्यान्नको उत्पादनमा ठूलो ह्रास हुन गई कतै कतै त खाद्यान्न समस्याले उग्ररूप लियो। हाम्रो अर्थ व्यवस्थाको मुख्य आय स्रोत कृषि उत्पादनमा प्रतिकूल असर परेकोले सम्पूर्ण अर्थ व्यवस्थामा नै ठूलो दवाव पर्न गयो।

केही समयदेखि देखा परेको अन्तर्राष्ट्रिय मौद्रिक संकटले यस वर्ष तीव्ररूप लिई अन्तर्राष्ट्रिय विनिमय दरमा अस्थिरता आएको छ। विश्वका अधिकांश देशहरूमा कतै मुद्राको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुनर्मूल्यन कतै अवमूल्यन भयो त कंयन् प्रमुख मुद्राहरूको विनिमय दर अन्तर्राष्ट्रिय मुद्रा बजार-मा निर्धारण हुन छोडिएका (फ्लोट) छन् । त्यसमाथि यस वर्ष हाम्रो मुख्य निर्यात वस्तु खाद्यान्नको उत्पादन कम भई निर्यात व्यापारमा प्रतिकूल असर परी भारतीय मुद्राको संचितीमा असर पर्‍यो ।

यसै वर्ष मूल्यमा पनि असाधारण तवरले वृद्धि हुनगएको छ । गत वर्षको पहिलो सात महीनाको दाँजोमा चालु वर्षको सोही अवधिमा काठमाडौंको उपभोक्ता मूल्यसूची १२.६ प्रतिशतले वृद्धि भएको छ । मूल्य वृद्धि विकसित तथा विकासशील सबैजसो देशहरूमा समस्याको रूपमा खडा भइरहेको छ । खाद्यान्न बाहेक अरू धेरैजसो मालसामानहरूको पूर्ति आयातमा निर्भर रहेको हाम्रो देशमा अन्तर्राष्ट्रिय मूल्य वृद्धिको असर सोझै पर्दछ । यसमाथि यो वर्ष खाद्यान्नको उत्पादन घट्न गएकोले स्थिति झन् गम्भीर हुनगयो ।

यी समस्याहरू समाधान गर्न श्री ५ को सरकारले के कस्ता कदमहरू चालेको छ सो संक्षेपमा बताउन चाहन्छु । भोकले कोही पनि पीडित नहोस् भनी श्री ५ महाराजाधिराज सरकार सधैं चिन्तित होइबक्सन्छ । देशमा परेको खाद्य संकट समाधान गर्न श्री ५ को सरका-रले आन्तरिक साधनको साथसाथै मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट समेत सहायता प्राप्त गरी खाद्यान्न अभाव क्षेत्रहरूमा खाद्यान्न पुर्‍याई वितरण गरेको माननीय सदस्यहरूलाई विदितै छ । यस किसिमको घटना फेरि दोहरिन नपाओस् भन्ने उद्देश्यले विभिन्न क्षेत्रहरूमा गोदामहरूको निर्माण तथा खाद्यान्नको संचयको व्यवस्था भइरहेको छ ।

अन्तर्राष्ट्रिय मौद्रिक संकट परी विभिन्न अन्तर्राष्ट्रिय मुद्राहरूको विनिमय दरमा परिवर्तन भइरहँदा हाम्रो अर्थ व्यवस्था अनुकूल नेपाली मुद्राको विनिमय दर सम्बन्धी उचित निर्णय समय-समयमा लिई यस समस्यालाई समाधान गरिएको छ । खाद्यान्नको निर्यातमा कमी भई भारतीय मुद्राको संचितीमा परेको चापको समस्या पनि उपयुक्त कदमहरूद्वारा नियन्त्रण गरिएको छ । यसरी हाम्रो मुद्रा स्थिति पूरा नियन्त्रणमा छ । यस बारे चिन्ता लिनु पर्ने विषय छैन ।

मूल्य वृद्धि आन्तरिक कारणले मात्र नभई अन्तर्राष्ट्रिय कारणले समेत हुन गएकोले यसको समाधान त्यत्ति सरल छैन । यसो भनेर यस सम्बन्धमा केही नगरी श्री ५ को सरकार बसेको छैन र बस्ने पनि छैन । यस समस्या प्रति श्री ५ को सरकार पूर्ण जागरूक र क्रियाशील छ । श्री ५ को सरकारले उत्पादन, आपूर्ति र वितरण क्षेत्रहरूमा आवश्यक कदमहरू चालेर मूल्यलाई यथासम्भव नियन्त्रण गर्ने प्रयास गरेको छ । तदनुसार अत्यावश्यक उपभोग्य वस्तुहरू, निर्माण तथा विकासका सामग्रीहरूको देशमा के कति आवश्यकता छ, आपूर्तिको स्थिति के छ र कति संचय राख्नु पर्दछ भनी अध्ययन गरी सो बमोजिम आयात, आपूर्ति तथा संचय गर्ने व्यवस्था भइरहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रो आर्थिक क्षेत्रमा यी ठूल-ठूला समस्याहरू आइपरेतापनि हामीले विकास कार्यक्रम कटौती नगरी विकास कार्यक्रम संचालन गरेका छौं । तदनुसार यातायात, संचार जस्ता आधारशीलाको सिर्जनामा राम्रो प्रगति भएको छ र सामाजिक सेवाको विस्तारमा शिक्षा र स्वास्थ्यतर्फ कार्यक्रम अनुरूप विकास कार्य सम्पादन भएको छ । यो निश्चय नै सबैको लागि सन्तोष लाग्ने कुरा हो ।

उल्लेखित समस्याहरू समाधान भइसकेका छन् भन्ने मेरो भनाई होइन । यी समस्याहरू हाल पनि विद्यमान छन् र त्यसप्रति श्री ५ को सरकार जागरूक छ । यसरी एकातिर हामीले खाद्यान्न समस्या, मूल्य वृद्धि समस्या र मौद्रिक समस्याको समाधान गर्नु परेको छ त अर्कोतिर हामीलाई देशमा द्रुततर गतिले आर्थिक विकास गर्नु परेको छ । यी नै तथ्यलाई दृष्टिगत राखी यो बजेट तर्जुमा गरेको छु ।

आर्थिक विकासको गतिमा द्रुतता ल्याउन लगानीमा वृद्धि नगरी भएको छैन । हाल देशको मूल्य स्थितिको सन्दर्भमा विकासको लागि लगानीमा वृद्धि गर्ने वा केही लगानी घटाई मूल्य स्थिरतातर्फ जोड दिने हो भन्ने प्रश्न उठ्दछ । दीर्घकालीन दृष्टिकोणले आर्थिक विकासलाई नै हामीले रोज्नु परेको छ । यस्को मतलब मूल्यलाई अनियन्त्रित तवरले छोड्न दिने भनेको होइन । यसैले मूल्य वृद्धिको समस्यालाई पूरा ध्यानमा राखी अघि उल्लेख गरेको अरू आर्थिक समस्याहरूको बावजूद विकासमा एक अरबभन्दा बढी लगानी गर्ने प्रस्ताव गरेको छु ।

श्री ५ महाराजाधिराज सरकार देशको आर्थिक विकासमा कति तल्लीन होइबक्सन्छ भन्ने कुरा मौसूफको विकास क्षेत्रहरूको भ्रमण तथा निरीक्षणबाट सबैले थाहा पाएकै कुरा हो । मौसूफकै निर्देशनमा हाम्रो विकास तथा योजनाले नयाँ दृष्टिकोण तथा नयाँ मोड लिएको छ । हाम्रो विकास प्रक्रियामा अधिकाँश देशवासीहरूले शरीक भई योगदान गर्न पाउन् र विकासको फाइदा बढी से बढी जनतामा फैलियोस् भन्ने उद्देश्यले विकास कार्य केही क्षेत्रहरूमा मात्र केन्द्रित नगरी अन्य क्षेत्रहरूमा पनि विस्तार गरेर प्रादेशिक सन्तुलन कायम गर्ने नीति अपनाइएको छ । सो नीति अनुरूप विकास बजेटको बाँड-फाँटमा गत वर्षको दाँजोमा मध्यमाञ्चल क्षेत्रमा कटौती गरी अरू तीन क्षेत्रहरूमा लगानी बढाइएको छ । विभिन्न विकास क्षेत्रहरूमा न्यूनतम आधार-शीलाको सिर्जना नगरी विकास कार्य तुरून्तै वृद्धि गर्न नसकिने भएको र विभिन्न क्षेत्रहरूमा चालू भइरहेको आयोजना तथा कार्यक्रम पूरा नगरी बीचमा छोड्न पनि आर्थिक दृष्टिकोणबाट नहुने हुनाले तत्काले लगानीको ढाँचामा आमूल परिवर्तन गर्न सक्ने होइन । तर त्यस दिशातर्फ श्री ५ को सरकारले यथासम्भव छिटो सन्तुलन ल्याउन प्रयास गरिरहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आगामी वर्षमा संचालन गरिने सम्पूर्ण विकास कार्यक्रमहरूको विस्तृत विवरण प्रस्तुत वार्षिक योजनाबाट जानकारी हुने नै छ । यी कार्यक्रमहरूको मुख्य मुख्य बुंदाहरू मात्र संक्षेपमा उल्लेख गर्न चाहन्छु । विकास क्षेत्रहरूको प्रभावकारीढङ्गबाट विकास गर्न सर्वप्रथम यातायात सुविधाकै जरूरत पर्दछ । यसैले धरान–धनकुटा र सुर्खेत-नेपालगञ्ज बाटोलाई आगामी वर्षको कार्यक्रममा समावेश गरिएको छ । यसै सन्दर्भमा पोखरा–सुर्खेत र दोलालघाट–धनकुटा बाटोको सर्वेक्षण कार्य पनि उल्लेखनीय छ । महेन्द्र राजमार्गको चालू आयोजनाहरूको कार्यान्वयनमा तीव्रता ल्याइनेछ । हवाई यातायात विकास कार्यक्रममा प्रारम्भिक कठिनाइ पार गरी लक्ष्य बमोजिम संचालन हुन थालेको छ र आगामी वर्षमा निक्कै प्रगति हुने आशा छ । शाही वायु सेवा निगमको हवाई जहाजको संख्यामा अरू ३ वटा ट्वीनअटर थप हुने भएको छ । आगामी वर्ष स्टल सेवा विस्तार तथा सुसंगठित भई दुर्गमस्थानको यातायात सेवा सुगम हुनेछ ।

विकासको लागि एक अत्यावश्यक आधारभूत स्तम्भ संचारको विकासलाई आगामी वर्षको कार्यक्रममा पूरा ध्यान दिइएको छ । आधुनिक संचार सेवा पुर्‍याउने सूक्ष्म तरङ्ग संचार (माइक्रोवेभ) आयोजना र देशको विभिन्न स्थानहरूमा स्थापना गरिने स्थानीय दूरवाणी संचार (टेलिफोन) आयोजनाहरू विशेष उल्लेखनीय छन् ।

विगत दुइ वर्षदेखि उन्नत बीउ, मल र अन्य कृषि उपकरणको वितरणमा वृद्धि भए तापनि मौसमको प्रतिकूलताले गर्दा उत्पादनमा ह्रास भएको बारे मैले माथि उल्लेख गरिसकेको छु । यसरी सबै मौसमको भरमा कृषि व्यवस्थालाई राख्न उपयुक्त नहुने हुँदा सिंचाईमा निक्कै नै जोड दिएको छु र चालू वर्षको ढाँचामा दोब्बरभन्दा बढी लगानी गर्ने प्रस्ताव गरेको छु । तदनुसार अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगबाट कन्काई योजना, चितौन योजना, गण्डक पूर्वि नहर योजना जस्ता ठूल-ठूला आयोजनाहरूको संचालन गरिनेछ र कमला, वाणगंगा र महाकाली जस्ता सिंचाई आयोजनाहरूको कार्यान्वयनमा पनि तीव्रता ल्याइनेछ । यस बाहेक टार सिंचाई आयोजनाहरू र ट्यूबवेल आयोजनाहरूमा पनि जोड दिइएको छ ।

औद्योगिक विकासतर्फ पनि सर्वसाधारण जनताको न्यूनतम दैनिक आवश्यकताको लागि चाहिने सूती कपडा र वनस्पति घीउ जस्ता उद्योगहरू सरकारी क्षेत्रमा नै स्थापना गर्न मित्रराष्ट्र-हरूको सहयोग प्राप्त गरी कार्य संचालन गरिने भएको छ । पर्यटन उद्योगको महत्वलाई ध्यानमा राखी त्यस सम्बन्धी गुरू योजनालाई कार्यान्वयन गरिने भएको छ । बढ्दो पर्यटन संख्याको लागि आवश्यक होटल सुविधाको अपर्याप्ततालाई ध्यानमा राखी यस सम्बन्धमा ठोस कारवाई गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देशको आवश्यकता अनुरूप लागू गरिएको नयाँ शिक्षा प्रणाली आगामी वर्ष काठमाडौं लगायत थप १५ जिल्लामा लागू गरिने भएको छ । साथै आगामी वर्षदेखि मानविक र सामाजिक शास्त्र, साधारण विज्ञान, वाणिज्य तथा प्रशासन, संस्कृत शास्त्र, कानून शास्त्र र ललितकला अध्ययन आदि सबै संस्थाहरू त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्स्टिच्यूटको रूपमा गठन गरी संचालन हुने भएको छ । यसरी राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुसार उच्च शिक्षा अन्तर्गत रहने सबै अध्ययन संस्थाहरू त्रिभुवन विश्व विद्यालय अन्तर्गत इन्स्टिच्यूटमा परिवर्तन गरिने हुनाले देशभर नयाँ शिक्षा प्रणाली अनुसार उच्च शिक्षा संचालन भई शिक्षा विकासमा एक महत्वपूर्ण अध्याय शुरू हुनेछ ।

स्वास्थ्यतर्फ औलो उन्मूलन, बिफर उन्मूलन, क्षय तथा कुष्टरोग नियन्त्रण जस्ता प्रतिकारात्मक सेवाहरूमा विस्तार तथा सुदृढीकरण गर्नुको साथसाथै चिकित्सा सेवा पनि सुसंगठित गर्न चालू रहेका अस्पताल, स्वास्थ्य केन्द्रहरूलाई सुसज्जित तथा सुव्यवस्थित गरिने भएको छ । परिवार नियोजन र मातृशिशु कल्याण सेवालाई अझै विस्तार गरिनेछ ।

विभिन्न क्षेत्रको बढ्दो जनसंख्याको अनुपातमा बढ्दै गइरहेको खाने पानी तथा ढल निकासको आवश्यकतालाई ध्यानमा राखी काठमाडौं तथा अन्य विकास केन्द्र र केही अरू क्षेत्रहरूको लागि दीर्घकालिन खाने पानी तथा ढल निकास आयोजनाहरूको लागि गुरू योजना प्रायः तैयार भइसकेको छ । यस गुरु योजनालाई आगामी वर्षदेखि लागू गरिने भएको छ ।

पञ्चायत व्यवस्थाको मूलभूत सिद्धान्त देशको आर्थिक तथा सामाजिक विकासमा स्थानीय नेतृत्व, साधन र जनश्रमको उचित परिचालन गर्नु हो । यस अनुरूप स्थानीय विकास कार्यक्रमको लक्ष्य तथा जनताको विकास प्रयासलाई प्राविधिक तथा आर्थिक टेवा दिन आवश्यक रकमको व्यवस्था गरिएको छ । श्री ५ महाराजाधिराज सरकारबाट पञ्चायत व्यवस्थामा सुधार र सुदृढीकरण गर्न गाउँ फर्क राष्ट्रिय अभियानलाई संशोधन गरिबक्सी व्यवस्थालाई बढी जनमुखी बनाइबक्सेको छ । यसबाट व्यवस्थाका कार्यकर्ता स्थानीय विकासका रचनात्मक कामहरूमा सरीक भई स्थानीय साधन र जनश्रमको उचित परिचालन भई विकास दरमा तीव्रता आई हाम्रो निर्दलीय पञ्चायत व्यवस्थामा सिर्जनात्मक शक्तिको उदय हुनेछ ।

गांजा, अफिम जस्ता मादक पदार्थको सेवनबाट युवा वर्गमा नराम्रो असर पर्न गएकोले नेपालले पनि आफ्नो अन्तर्राष्ट्रिय जिम्मेदारीको ख्याल राखी गांजा, अफिम, चरेस खेतीलाई प्रतिबन्ध लगाउने भएको छ र यस सम्बन्धी विधेयक सदनमा चाँडै प्रस्तुत गर्ने भएको छ । यो खेती बन्द गरिएबाट असर पर्ने किसानहरूलाई आवश्यक सहायता पुरयाउन सर्भेक्षण तथा अध्ययन गराइने भएको छ ।

विकास प्रतिको जनताको उर्लंदो जन आकांक्षाको सन्दर्भमा विकास कार्यहरूमा लगानी वृद्धि गर्दै लैजान आन्तरिक साधनको बढी परिचालन गर्नु पर्ने आवश्यकता बारे मैले भनिरहनु पर्ने होइन । प्रथमतः कर प्रशासनमा नै विशेष जोड दिई त्यसबाट राजस्व बढाउने प्रयास

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिनेछ । सामाजिक न्याय र उद्योग तथा व्यापारको प्रवर्धनलाई दृष्टिगत राखी करको दरहरूमा सामान्य हेरफेर गरी केही थप राजस्व उठाउन खोजेको छु ।

वाणिज्य बैंकहरूमा निरन्तर वृद्धि भइरहेको मुद्दती तथा बचत निक्षेपलाई ध्यानमा राखी आन्तरिक ऋण बढी रूपमा उठाउने विचार गरेको छु । साथै हरेक वर्ष विदेशी मुद्रा शुरूको अनुमान बमोजिम खर्च हुन नसकी विदेशी विनिमय संचितीमा वृद्धि भई मुद्रा प्रदायमा प्रतिकूल असर परिरहेकोले विदेशी मुद्रा बढी मात्रामा उपयोग गर्नु परेको छ । हुनत विदेशी मुद्रा खर्च गर्नलाई कुनै गाह्रो कुरा होइन । तर अनावश्यक वस्तुहरूको आयातमा खर्च नगर्ने श्री ५ को सरकारको नीति यथावत नै रहनेछ । आवश्यक उपभोग्य वस्तु, विकासका सामग्री तथा औद्योगिक सामग्रीहरूको आयातमा उदारता साथ खर्च गरिनेछ ।

हाम्रो विकास कार्यहरूमा हाम्रा मित्र राष्ट्रहरू एवं अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगको महत्वपूर्ण स्थान भएको सबैलाई विदितै छ । मलाई यो भन्न पाउँदा हर्ष लागेको छ कि हामीलाई सहयोग गर्ने राष्ट्रहरूको संख्यामा वृद्धि हुनुको साथै अन्तर्राष्ट्रिय संस्थाहरूले बढी दिलचस्पी लिन लागेका छन् । आर्थिक सहायता अनुदानको बदला सहुलियत युक्त दीर्घकालीन ऋणको रूपमा दिने प्रचलन आएबाट विदेशी सहायताको किसिममा अनुदान रकम घटेर ऋण रकम बढ्न गएको छ । यस अवसरमा हाम्रो देशको विकासमा सहयोग गर्ने मित्र राष्ट्रहरू र अन्तर्राष्ट्रिय संस्थाहरू प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

मैले आगामी वर्षको बजेट तर्जुमा गर्दा प्रतिपादन गरेका सिद्धान्त तथा कार्यक्रमको विशेषताहरू बारे छोटकरीमा उल्लेख गरें । देशको आर्थिक विकासको लागि आवश्यक आधार प्रशासन यन्त्र पनि हो । हाम्रो आर्थिक विकासको उद्देश्य प्राप्त गर्न प्रशासन यन्त्रलाई दक्ष तथा सुधार गरी रहनु पर्दछ । केही दिन अघि यस सदनमा श्री ५ महाराजाधिराज सरकारबाट सम्बोधन गरी बक्संदा कर्मचारीहरूको तलब वृद्धि गर्ने हुकुमबक्से अनुसार श्री ५ को सरकारका सबै कर्मचारीहरूलाई २०३० श्रावण १ गतेदेखि लागू हुने गरी मासिक रू. ८४ सम्म शुरू स्केल भएको तलब स्केल पाउनेलाई ४५ प्रतिशत, रू. ८५ देखि रू. १४६ सम्म शुरू स्केल भएको तलब स्केल पाउनेलाई ३५ प्रतिशत, रू.१५० देखि रू. ३९९ सम्म शुरू स्केल भएको तलब स्केल पाउनेलाई ३० प्रतिशत, रू.४०० देखि रू. ८९९ सम्म शुरू स्केल भएको तलब स्केल पाउनेलाई २० प्रतिशत र रू. ९०० देखि माथि जतिसुकै शुरू स्केल भएको तलब स्केल पाउनेलाई १५प्रतिशत शुरू स्केलको आधारमा तलब वृद्धि दिने व्यवस्था मिलाएको छु । यसरी माथिल्लो श्रेणीलाई दिइने वृद्धि दरको तीन गुणा बढी तल्लो श्रेणीलाई दिने भएको छ र अब श्री ५ को सरकारको कर्मचारीको न्यूनतम तलब मासिक रू. १०० नाघ्ने भएको छ ।

कर्मचारी संचय कोष कट्टीको सम्बन्धमा हाल तल्लो तहको कर्मचारीहरूको कोष कट्टी कम दरमा र माथिल्लो तहका कर्मचारीहरूको क्रमशः बढी दरहरूमा कोष कट्टी भई त्यसको शत प्रतिशत श्री ५ को सरकारको तर्फबाट थप दिने व्यवस्था भएकोमा २०३० श्रावण १ गते देखि समान रूपमा सबै कर्मचारीहरूको तलबको १० प्रतिशत कोष कट्टी गरी श्री ५ को सरकारको तर्फबाट शत प्रतिशत नै थपिदिने व्यवस्था गरेको छु । यसबाट माथिल्लो श्रेणीहरूका कर्मचारीहरूको निमित्त थप दिने रकममा हुने बचत तल्लो श्रेणीहरूका कर्मचारीहरूलाई थप दिइने रकममा प्रयोग भई श्री ५ को सरकारलाई कुनै खास आर्थिक दायित्व पर्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# २

अब गत वर्षको यथार्थ र चालू वर्षको संशोधित बजेट अनुमानको संक्षिप्त विवरण पेश गर्दछु। आर्थिक वर्ष २०२८।२९ मा आयतर्फ रू. ५१ करोड ८१ लाख १ हजार र विदेशी अनुदानतर्फ रू. २६ करोड १ लाख २६ हजार प्राप्त हुने संशोधित अनुमान भएकोमा क्रमशः रू. ५५ करोड ३४ लाख २९ हजार र रू. २४ करोड २० लाख ३७ हजार प्राप्त हुन आएको छ। खर्चतर्फ साधारण बजेटमा रू. ३५ करोड ८२ लाख ४५ हजार र विकास बजेटमा रू. ५७ करोड ५ लाख ६५ हजार हुने संशोधित अनुमान भएकोमा यथार्थ खर्च क्रमशः रू. ३२ करोड ४९ लाख ६४ हजार र रू. ५६ करोड ४६ लाख ३७ हजार हुन आएको छ। यसरी विदेशी ऋण रू. ३ करोड ९४ लाख ७७ हजार र आन्तरिक ऋण रू. ५ करोड उठाई रू.६ करोड ११ लाख ६ हजार घाटा हुने संशोधित अनुमान भएकोमा खूद विदेशी ऋण रू. ३ करोड ८८ लाख ८७ हजार प्राप्त भएको र आन्तरिक ऋण रू. ५ करोड उठाइएकोले घाटा रू. ५२ लाख ४८ हजार मात्र हुन गयो।

चालू आर्थिक वर्षमा आयतर्फ रू. ६० करोड ९ लाख ८४ हजार प्राप्त हुने अनुमान भएकोमा रू. ६१ करोड ४० लाख ७८ हजार प्राप्त हुने संशोधित अनुमान छ। विदेशी अनुदानतर्फ रू.२९ करोड १० लाख ६० हजार प्राप्त हुने अनुमान भएकोमा रू. २० करोड ४३ लाख ७७ हजारमात्र प्राप्त हुने संशोधित अनुमान छ। खर्चतर्फ साधारण बजेटमा रू. ४० करोड ९७ लाख ५५ हजार र विकास बजेटमा रू. ८५ करोड ७७ लाख ७९ हजारको अनुमान प्रस्तुत भएकोमा क्रमशः रू. ४० करोड २६ लाख ४२ हजार र रू. ६१ करोड ७७ लाख २३ हजार मात्र खर्च हुने संशोधित अनुमान छ। यसरी रू. ३७ करोड ५४ लाख ९० हजार घाटा हुने अनुमान भएकोमा रू. २० करोड १९ लाख १० हजार मात्र घाटा हुने संशोधित अनुमान छ। उक्त घाटा पूर्ति गर्न विदेशी ऋण रू. ११ करोड ९९ लाख ६६ हजार र आन्तरिक ऋण रू.१७ करोड १३ लाख उठाउने व्यवस्था गरी रू.८ करोड ४२ लाख २४ हजार खूद घाटा हुने अनुमान भएकोमा विदेशी ऋण रू. ४ करोड ४१ लाख ८ हजार प्राप्त हुने र आन्तरिक ऋण रू. १० करोड ५० लाख उठाइएकोले खूद घाटा रू. ५ करोड २८ लाख २ हजार मात्र हुने संशोधित अनुमान छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ३

आगामी आर्थिक वर्षको आय-व्यय अनुमान अब म पेश गर्दछु । खर्चतर्फ साधारण वजेटमा रू. ५० करोड ५७ लाख ४९ हजार र विकास वजेटमा रू. १ अरव ४ करोड १७ लाख ३९ हजार गरी जम्मा रू. १ अरव ५४ करोड ७४ लाख ८८ हजारको अनुमान छ। चालू वर्षको संशोधित अनुमानको तुलनामा यो खर्च साधारणतर्फ २५.६ प्रतिशतले र विकासतर्फ ६८.६ प्रतिशतले वृद्धि भएको छ । साधारण वजेटको कूल खर्चमा ऋण लगानी र साँवा तथा ब्याज भुक्तानीमा मात्र ११.३ प्रतिशत परेको छ । अरूमा खास गरी सामाजिक सेवा अन्तर्गत शिक्षामा नयाँ शिक्षा योजना बमोजिमको खर्च, स्वास्थ्यमा विशेष गरेर औषधीको खर्च, प्रहरीमा केही प्रहरी जवानले मात्र रासन पाई आएकोमा सो सरहका सबै गणलाई रासन उपलब्ध गराउन खर्च र समस्त निजामती, शाही सेना र प्रहरी गणको तलव वृद्धिको व्यवस्था भएबाट वृद्धि हुन आएको हो । साधारण वजेटको कूल खर्च मध्ये संवैधानिक अंगमा रू. १ करोड ७९ लाख ४७ हजार, साधारण प्रशासनमा रू. ७ करोड ९१ लाख ७४ हजार, राजस्व प्रशासनमा रू. १ करोड ६४ लाख ८० हजार, आर्थिक प्रशासन र योजनामा रू. ७० लाख ७ हजार, न्याय प्रसाशनमा रू. ७० लाख ७५ हजार, वैदेशिक सेवामा रू. १ करोड ६५ लाख ६२ हजार, रक्षामा रू. ८ करोड ३१ लाख ६५ हजार, सामाजिक सेवाहरूमा रू. ९ करोड २० लाख २१ हजार, 'आर्थिक सेवाहरूमा रू. ५ करोड ९७ लाख २४ हजार, ऋण र लगानीमा रू. १ करोड ९ लाख ५५ हजार, साँवा र व्याज भुक्तानीमा रू. ४ करोड ५९ लाख ९४ हजार र विविधमा रू. ६ करोड ९१ लाख ५० हजारको व्यवस्था भएको छ ।

विकास वजेटको कूल खर्च रू. १ अरव ४ करोड १७ लाख ३९ हजार छुट्याइएको छ । विकास कार्यमा क्षेत्रीय सन्तुलन तथा कम विकसित क्षेत्रहरूमा बढी लगानी गर्ने श्री ५ को सरकारको नीति अनुरूप चालू वर्ष सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको लागि कूल विकास वजेटको ७.६ प्रतिशतमात्र रहेकोमा आगामी वर्षमा १३ प्रतिशत, पश्चिमाञ्चल विकास क्षेत्रमा १०.४ प्रतिशत रहेकोमा ११ प्रतिशत र पूर्वाञ्चल विकास क्षेत्रमा १५.५ प्रतिशत रहेकोमा १७.२ प्रतिशत राखिएको छ। मध्यमाञ्चल विकास क्षेत्रमा चालू वर्षको दाँजोमा २.८ प्रतिशतले कम गरिएको छ । आगामी आर्थिक वर्षको लागि कूल खर्च छुट्याइएको मध्ये आर्थिक सेवाहरूमा रू. ८४ करोड ६४ लाख २० हजार अर्थात् ८१.२ प्रतिशत, सामाजिक सेवाहरूमा रू. १७ करोड ८० लाख ८२ हजार अर्थात् १७.१ प्रतिशत र बाँकी आर्थिक प्रशासन र योजना तथा विविधमा रू. १ करोड ७२ लाख ३७ हजार अर्थात् १.७ प्रतिशत छुट्याइएको छ ।

सामाजिक सेवाहरूको कूल खर्चमध्ये शिक्षामा रू. ८ करोड २२ लाख १४ हजार, स्वास्थ्यमा रू. ३ करोड ९४ लाख २३ हजार, पिउने पानीमा रू. २ करोड ६५ लाख ४४ हजार, पञ्चायतमा रू. १ करोड ८४ लाख ६८ हजार र अन्य सामाजिक सेवाहरूमा रू. १ करोड १४ लाख ३३ हजार खर्च हुने अनुमान गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक सेवाहरूको कूल खर्चमध्ये कृषि र सिंचाईमा रू. २१ करोड ५२ लाख, यातायात, विद्युत तथा संचारमा रू. ४६ करोड ४३ लाख ९ हजार, उद्योग तथा खानीमा रू. १२ करोड २७ लाख ९ हजार, भूमिसुधार नापी र वनमा रू. ३ करोड ३७ लाख ८० हजार र अन्य आर्थिक सेवाहरूमा रू. १ करोड ४ लाख २२ हजार छुट्याइएको छ।

आयतर्फ रू. ६८ करोड ५६ लाख १८ हजार प्राप्त हुने अनुमान भएको छ। यो रकम चालू वर्षको संशोधित अनुमानको तुलनामा ११.६ प्रतिशतले वृद्धि हुने अनुमान छ। कूल आयको अनुमानमध्ये कर राजस्वबाट रू. ५७ करोड १८ लाख १५ हजार अर्थात् ८३.४ प्रतिशत हुने अनुमान छ। कर राजस्वबाट प्राप्त हुने आयमध्ये भन्सारबाट रू. २६ करोड ८८ लाख अर्थात् ४७.० प्रतिशत, अन्तःशुल्कबाट रू. ७ करोड २३ लाख अर्थात् १२.६ प्रतिशत, मालपोतबाट रू. ८ करोड ५० लाख अर्थात् १४.९ प्रतिशत, आय करबाट रू. २ करोड ५० लाख अर्थात् ४.४ प्रतिशत, बिक्री करबाट रू. ७ करोड ९० लाख अर्थात् १३.८ प्रतिशत र अन्य करहरूबाट रू. ४ करोड १७ लाख ५५ हजार अर्थात् ७.३ प्रतिशत हुने अनुमान छ। अन्य राजस्वबाट प्राप्त हुने रू. ११ करोड ३८ लाख ३ हजार मध्ये वनबाट रू. ४ करोड अर्थात् ३५.१ प्रतिशत, साँवा-ब्याज तथा लाभांसबाट रू. ३ करोड ७६ लाख ५३ हजार अर्थात् ३३.१ प्रतिशत र बाँकी अन्य स्रोतबाट रू. ३ करोड ६१ लाख ५० हजार अर्थात् ३१.८ प्रतिशत प्राप्त हुने अनुमान गरिएको छ।

यसरी साधारण र विकास बजेट गरी कूल खर्च रू. १ अरब ५४ करोड ७४ लाख ८८ हजार हुन आउँछ। राजस्वतर्फ वर्तमान स्रोतबाट रू. ६८ करोड ५६ लाख १८ हजार, विदेशी अनुदान रू. २५ करोड ५३ लाख ४४ हजार प्राप्त हुने अनुमानबाट रू.६० करोड ६५ लाख २६ हजार न्यून हुने अनुमान छ। तर विदेशी ऋण रू. २३ करोड ७९ लाख ७ हजार प्राप्त हुने अनुमान हुँदा रू. ३६ करोड ८६ लाख १९ हजार अन्य स्रोतहरूबाट व्यहोरिनु पर्ने देखिन आएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ४

प्रस्तुत आय र व्यय अनुमान अनुसार रू. ३६ करोड ८६ लाख १९ हजारको न्यून देखिन आएको छ । यसको पूर्ति प्रथमतः राजस्व संकलनमा कुशलता ल्याई थप आय प्राप्त गरी गर्ने भएको छु । यस सम्बन्धी विभिन्न अध्ययनहरू गराइराखेको छु । ती अध्ययनहरूको आधारमा बक्यौता रहेका राजस्वहरू दृढताका साथ असूल उपर गर्नुको साथै राजस्व संकलनमा बढी सक्रियता ल्याइनेछ । राजस्व प्रशासनको सुदृढीकरणबाट रू. १ करोड ५० लाख थप आय प्राप्त गर्ने विश्वास लिएको छु ।

घाटा पूर्ति गर्न केही अरू थप राजस्व उठाउन आवश्यक भएकोले केही करहरूको दरमा वृद्धि नगरी नहुने भएको छ । तर सर्वसाधारण जनतालाई बोझ पर्न नजावस् भन्ने दृष्टिकोण राखी कर वृद्धिको तर्जुमा गरेको छु ।

हाम्रो अर्थ व्यवस्थाको मुख्य आय स्रोत कृषि भएको तर हाल कृषिबाट भएको आयमा आय कर लागेको छैन । कृषि उत्पादनको मूल्य बढ्दै गएको सन्दर्भमा यस क्षेत्रबाट पनि विकासको बढ्दो खर्च पुरयाउन केही राजस्व उठाउन समयानुकूल ठान्दछु । यसबाट तल्लो वर्गलाई असर नपर्ने गरी मिलाएको छु ।

आगामी वर्षदेखि आय करको हिसाव गर्दा एक व्यक्ति, दम्पत्ति वा परिवारलाई १० बिगाहा वा सो बराबरको जग्गाको आयलाई छुट दिई त्यसभन्दा बढी जग्गामा देहायबमोजिम खूद आय निर्धारण गरी अरू स्रोतबाट कुनै आय भए सो समेत जोडी आय कर असूल गरिने छ ।

### खेतीको खूद आय निर्धारण दर

| जग्गाको किसिम | खूद आय प्रति बिगाहा |
|---|---|
| अवल | रू. ४००।– |
| दोयम | रू. ३००।– |
| सीम | रू. २००।– |
| चाहार | रू. १००।– |

आय करको दर सबै साबिकबमोजिम कायम गरिएको छ । प्रस्तावित करबाट रू. ५ लाख जति थप राजस्व प्राप्त हुने अनुमान छ ।

आगामी वर्षदेखि भैरहवा, तानसेन, पोखरा र हेटौंडा नगर पञ्चायत क्षेत्रलाई पनि शहरी क्षेत्र तोकी घर जग्गा कर लगाइनेछ । घर जग्गा करमा साविक बमोजिम रू. ५०,००० छुट दिई त्यसपछिको रू. ५०,००० मा रू. ५ प्रति हजार, त्यसपछि को रू. २,००,००० मा रू.१० प्रति हजार, त्यसपछिको रू.२,००,००० मा रू.१५ प्रति हजार र त्यसपछिको जतिसुकैमा रू. २० प्रति हजारका दरले घर जग्गा कर लगाइनेछ । यसबाट करीब रू. ५ लाख थप राजस्व प्राप्त हुने अनुमान छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयन्दा तयार भएको राजमार्गहरूको खण्ड खण्डमा राजपत्रमा सूचना प्रकाशित गरी सवारी कर लगाउन सकिने व्यवस्था गरिएको छ । यसै सन्दर्भमा आगामी आर्थिक वर्षदेखि पृथ्वी राजमार्गमा सवारी कर लगाइनेछ । सवारी कर दर साविकबमोजिम कायम गरिएको छ । यसबाट थप राजस्व रू. ७ लाख प्राप्त हुने अनुमान छ ।

हाल भाएन गाडीमा सवारी साधन कर छुट दिइआएकोमा आगामी वर्षदेखि भाएन गाडीमा पनि सवारी साधन कर लगाइनेछ । कार, जीप, मिनी बस, भाएनमा सवारी साधन कर दर साविकबमोजिम कायम गरिएको छ । आगामी वर्षदेखि अटोरिक्सा (टेम्पो) र मोटर साइकलमा समेत देहायबमोजिम सवारी साधन कर लगाइनेछ ।

| सवारी साधनको किसिम | वार्षिक कर |
|---|---|
| अटोरिक्सा (टेम्पो) | रू. १५०।– |
| मोटर साइकल १५० सी.सी. सम्म | रू. ३५।– |
| मोटर साइकल १५० सी.सी. देखि माथि | रू. ५०।– |

यसबाट रू. २ लाख थप राजस्व आउने अनुमान छ ।

मनोरञ्जन करमा उपत्यका बाहिर लाग्ने करमा ३० प्रतिशत छुट दिइआएको छ । हालको बदलिँदो सन्दर्भमा यस्तो छुट दिई राख्न आवश्यक नदेखिएकोले सो छुटको व्यवस्था हटाइएको छ । गत वर्ष मनोरञ्जन करमा प्रवेश शुल्क रू. १।५० देखि माथिकोमा मात्र बढाइएको थियो । अब आगामी वर्षदेखि रू. १।– देखि माथि रू. १।५० सम्म प्रवेश शुल्क भएको टिकटमा शत प्रतिशत कर लगाइनेछ । अरू दर साविकबमोजिम कायम गरिएको छ । यसबाट करीब रू. ५ लाख थप राजस्व प्राप्त हुनेछ । अरू करको व्यवस्था साविक बमोजिम कायम छ ।

हात हतियार राख्ने इजाजत सम्बन्धी दस्तूर मामूली छ । यसलाई पनि केही बढाउन उपयुक्त सम्झेकोले हालको दस्तूरहरू खारेज गरी अब उप्रान्त देहायको व्यवस्था गरेको छु ।

| हात हतियारको किसिम | दर्ता गराउदा | | दस्तूर नवीकरण गर्दा | | यात्रा इजाजत |
|---|---|---|---|---|---|
| | अंचलभर | अधिराज्यभर | अंचल भर | अधिराज्यभर | पटक एकको |
| १. टोटावाल पिस्तोल, रिवल्भर वा राइफल (मिनिएचर बाहेक) | रू. ५० | रू. १०० | रू. २५ | रू. ५० | रू. ५० |
| २. टोटावाल बन्दूक वा २२ बोर लगायत अन्य मिनिएचर राइफल | रू. ३० | रू. ६० | रू. १५ | रू. ३० | रू. २५ |
| ३. भरूवा बन्दूक (शटगन) वा पिस्तोल | रू. १५ | रू. २५ | रू. १० | रू. १५ | रू. १० |
| ४. हवादारी बन्दूक | रू. १० | रू. १५ | रू. १० | रू. १५ | रू. १० |

यसबाट थप राजस्व रू. ५ लाख प्राप्त हुने अनुमान छ ।

अन्तःशुल्कको सम्बन्धमा विक्री मूल्यमा विशेष असर नपर्ने गरी केही वस्तुहरूमा देहायबमोजिम अन्तःशुल्कको दर केही बढाउने व्यवस्था गरेको छु । चुरोटमा प्रति हजार रू. २०।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६०२

सम्म पर्नेमा रू.११।-, रू. ३०।- सम्म पर्नेमा रू.१४।२५ र रू.३०।- भन्दा बढी पर्नेमा रू. १७।- अन्तःशुल्क लगाई आएकोमा अब उप्रान्त प्रति हजार रू. २०।- सम्म पर्नेमा साविकै बमोजिम, प्रति हजार रू. ५०।- सम्म पर्नेमा रू. २०।२५, प्रति हजार रू.१००।- सम्म पर्नेमा रू.२५।-, प्रति हजार रू. १००।- भन्दा बढी पर्नेमा रू. ३५।- अन्तःशुल्क लगाइनेछ । यसबाट रू. १६ लाख थप राजस्व संकलन हुने अनुमान छ ।

अन्तःशुल्क बुझाउनेहरूको सुविधाको ख्याल राखी चामल तथा तेल उत्पादन गर्ने मिलहरूमा १८ अश्वशक्ति चालितसम्मका कारखानामा समदर (फ्लाट रेट) कायम गरी आएकोमा यो व्यवस्था २५ अश्वशक्तिसम्म चालित चामल तथा तेल मिलमा कायम गर्दा बढी व्यावहारिक हुने देखिएकोले १८ अश्वशक्तिसम्मको साविकको दर कायमै राखी १६ देखि २५ अश्वशक्ति-सम्मको चामल मिलबाट रू. ७२०।– र अतिरिक्त हलरको रू. ३००।– तथा तेल मिलबाट रू.६००।-र अतिरिक्त एक्सपेलरको रू.४५०।-का दरले असूल गर्ने गरिएको छ। सोभन्दा माथिका मिल कारखानामा साविकबमोजिमको दरले उत्पादनकै आधारमा अन्तःशुल्क असूल गराउने व्यवस्था कायम गरिएको छ । यसबाट राजस्वमा कुनै असर पर्दैन ।

हाम्रो चिनी मिलहरूबाट उत्पादित चिनीको मूल्य बाहिरबाट मगाएको चिनीको मूल्य भन्दा निक्कै कम छ र हाल हाम्रो मिलहरूको उत्पादनको बिक्रीबाट बचत हुन आएको रकम बाहिरबाट मगाएको चिनीको बिक्रीमा भएको घाटा पूर्ति गर्नमा लगाइएको छ । यसैले हाम्रो मिलहरूको उत्पादनमा अन्तःशुल्क केही बढाउन गुंजायस भएकोले अब उप्रान्त प्रति क्वीन्टल चिनीमा रू. ६०।- अन्तःशुल्क लगाइनेछ । यसबाट राजस्वमा रू. २५ लाख वृद्धि हुने अनुमान छ ।

कृषि मादक पदार्थको खेतीमा अघि उल्लेख गरेबमोजिम प्रतिबन्ध लगाउने भएकोले यसबाट आगामी वर्ष आय हुने छैन । अरू अन्तःशुल्क सबै साविकबमोजिम कायम गरिएको छ ।

भारतबाट ए.आर.वन. फरम अन्तर्गत आयात गरिएको मालसामानहरू सीधा मगाएको भन्दा सस्तो पर्ने र ए.आर.वन. फरम अन्तर्गत मगाइएको मालसामानको भारतीय अन्तःशुल्क श्री ५ को सरकारले फिर्ता पाउने समेत भएकोले ए. आर. वन. फरम अन्तर्गत मालसामान झिकाउन प्रोत्साहन गर्न ए. आर. वन. फरम अन्तर्गत मगाइने केही मालहरूमा लाग्ने सरचार्जमा हेरफेर गरिएको छ । ए.आर.वन. फरमबाट आयात गरिने सर्वसाधारणले प्रयोग गर्ने सुती कपडा, मोटा कोरा, मझौला बी. कोरा, मोटा घुवा रंगिन, मझौला घुवा रंगिन र कोरामा सर-चार्ज हटाइएको छ । कपडा बुन्ने तथा होजेयरी उद्योगलाई चाहिने सुती धागो, कृत्रिम स्टेपल फाइवर र केही कृत्रिम धागोमा भन्सार महसूल घटाइएको छ । छाला उद्योगलाई प्रोत्साहन दिन काँचो छालाको निर्यातमा भन्सार महसूल बढाई तयारी छालामा घटाइएको छ । घरेलु उद्योगमा प्रयोग हुने पत्रु धातुहरूमा निकासी महसूल बढाइएको छ । चामलको अन्तर्राष्ट्रिय भाउमा भएको वृद्धिलाई दृष्टिगत राखी चामलको निर्यातमा प्रति किलोग्राम –।०२ (दुइ पैसा) बढाइएको छ । यस बाहेक आयात निर्यात महसूल दरबन्दीमा केही हेरफेर तथा स्पष्ट नभई काम गर्न अप्ठ्यारो परेकोमा दरबन्दी स्पष्ट गरिएको छ । प्रस्तावित भन्सार दरबन्दी अनुसूचीमा दिइएको छ । यसबाट थप राजस्व रू. ६५ लाख जति प्राप्त हुने अनुमान छ ।

रजिष्ट्रेशनमा हाल परिरहेको व्यवहारिक कठिनाईहरू हटाउनुको साथै दस्तूरमा केही हेरफेर गर्ने प्रस्ताव गरेको छु । रजिष्ट्रेशन पास गर्नु पर्ने लिखतहरू मध्ये अधिकार पत्र (मञ्जुर-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नामा, अख्तियारनामा) मा विगो खोल्न नसकिने भएमा रू. ४००।- दस्तूर लिई रजिष्ट्रेशन पास गरिनेछ । विगो खोल्न नमिल्ने धर्मपुत्र राख्ने लिखतमा रू. ५२०।- रजिष्ट्रेशन दस्तूर लाग्नेछ । अरू सबैमा विगो खुलाउनु पर्नेछ । रू. ५०० भन्दा कम्तीको कागजमा साविक बमोजिम टिकट दस्तूर मात्र लाग्नेछ । रजिष्ट्रेशन दस्तूर अब उप्रान्त देहायबमोजिम हेरफेर गरिएको छ :–

| बिक्री अंक | राजीनामा | शेष पछिको बक्स-पत्र वा अंशवण्डा |
|---|---|---|
| १. रू. २५,००० सम्म | ५ प्रतिशत | |
| २. रु. २५,००० देखि माथि रू. ५०,००० सम्म | ६ प्रतिशत | ६ प्रतिशत |
| ३. रू. ५०,००० देखि माथि रू. १,००,००० सम्म | ७ प्रतिशत | |
| ४. रू. १,००,००० देखि माथि रू.५,००,००० सम्म | ८ प्रतिशत | ७ प्रतिशत |
| ५. रू. ५,००,००० देखि माथि | १० प्रतिशत | ८ प्रतिशत |

अड्डालाई घरमा बोलाई कागज पास गर्नेलाई साविकको दस्तूर खारेज गरी आयन्दा रू.५०० लगाइनेछ ।

अरू रजिष्ट्रेशन दस्तूर साविकबमोजिम कायम गरिएको छ । यसबाट रू. २५ लाख जति थप आय हुने अनुमान छ ।

आगामी वर्ष मालपोत दर साविकबमोजिम कायम गरिएको छ । जग्गाधनीले समयमा मालपोत नतिरेमा जग्गा लिलाम गर्ने व्यवस्था भइरहेकोमा सो खारेज गरी मालपोत तिर्न बढी जरिवाना तिर्नु पर्ने गरी केही बढी समय दिन र सो समयभित्र पनि नबुझाएमा मोहीको नाममा जग्गा दर्ता गरी दिने व्यवस्था अपनाउन लागेको छु । मालपोत कार्तिकदेखि नै तिर्न पाउने गरी चैत्र मसान्तसम्ममा अधिराज्यभर सबै ठाउँमा तिरी सक्नु पर्नेछ । सो म्याद गुज्रेपछि बैशाख १ गतेदेखि बैशाख मसान्तसम्म सयकडा ५ जरिवाना लाग्नेछ । त्यसपछि जेष्ठ १ गतेदेखि आषाढ मसान्तसम्म सयकडा १० जरिवाना लाग्नेछ र त्यसपछि अर्को आर्थिक वर्षभरी अर्थात श्रावण १ गतेदेखि आषाढ मसान्तसम्म सयकडा ५० जरिवाना लाग्नेछ । त्यसपछि मोहियानी लागेको जग्गा रहेछ भने जग्गा धनीको नाम कटाई मोहीबाट जरिवाना सहित मालपोत किस्ताबन्दीमा असूल उपर गरी निजकै नाममा दर्ता गरी दिइनेछ । मोहीयानी नलागेको जग्गाको हकमा सो जग्गाको स्वामित्व श्री ५ को सरकारमा स्वतः सर्नेछ । यो वर्षसम्मको हुन आउने बक्यौतालाई आगामी वर्षको मालपोत सरह नै असूल उपर गरिनेछ । मालपोत समयमा तिर्ने प्रोत्साहन गर्नको लागि उपयुक्त व्यवस्था गर्ने विचार गरेको छु ।

बाँकी अरू सबै करहरू यथावत कायम गरिएको छ ।

अगाडि उल्लेख गरेबमोजिम न्यून रू. ३६ करोड ८६ लाख १९ हजार भएकोमा कर प्रशासन सुधारबाट रू. १ करोड ५० लाख र कर प्रस्तावबाट रू. १ करोड ५० लाख प्राप्त हुने अनुमान भएकोले सो कटाउँदा न्यून रू. ३३ करोड ८६ लाख १९ हजार हुन आउँछ । आगामी वर्ष आन्तरिक ऋण रू. २० करोड उठाउने भएको छु । यसरी खूद न्यून रू. १३ करोड ८६ लाख १९ हजार रहन आउँछ जुन नगद मौज्दातबाट व्यहोरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ५

अब म आगामी आर्थिक वर्ष २०३०।३१ को परिवर्त्य विदेशी विनिमयको आय र खर्चको विवरण पेश गर्दछु ।

चालू आर्थिक वर्षमा परिवर्त्य मुद्राको आम्दानी रू. ३५ करोड र खर्च रू. ३८ करोड ६५ लाख हुने अनुमान गरी रू. ३ करोड ६५ लाखको घाटा हुने अनुमान गरिएकोमा आम्दानीतर्फ करीब अनुमान भए जति तर खर्चतर्फ भने मालसामानहरूको आयातमा कम भएकोले रू. १० करोड ४७ लाख ८० हजारको कम खर्च हुने संशोधित अनुमान छ ।

आर्थिक वर्ष २०३०।३१ मा परिवर्त्य विदेशी मुद्राको आय रू. ३५ करोड ७५ लाख र व्यय रू. ४३ करोड ३६ लाख ५० हजार हुने अनुमान गरिएको छ । पर्यटनबाट बढी आम्दानी हुने र निर्यात मालसामानको र विदेशी सहायता बाहेक अन्य सबैजसो शीर्षकहरूबाट पनि बढी आम्दानी हुने अनुमान गरिएको छ । खर्चतर्फको वृद्धिमा सबभन्दा बढी उद्योग तथा अरू विकास कार्यको निम्ति मालसामानको आयातमा हुने अनुमान छ । विकास सामान र उपभोग्य सामान गरी रू. ३५ करोड अर्थात् कूल खर्चको ८०.७ प्रतिशत खर्च हुने अनुमान छ । यसप्रकार आर्थिक वर्ष २०३०।३१ को निमित्त परिवर्त्य विदेशी मुद्रामा रू. ७ करोड ६४ लाख ५० हजारको न्यून हुने अनुमान गरिएको छ ।

## ६

आगामी वर्षको आर्थिक नीति, आय व्ययको अनुमान तथा विकास कार्यक्रमहरू पेश गरें । यो बजेट कसैकसैलाई महत्वाकांक्षी जस्तो पनि लाग्नेछ । तर हाम्रो आकांक्षा तथा निर्धारित लक्ष्यहरू प्राप्त गर्ने हो भने हामीले लगानीलाई संकुचित गर्ने बेला छैन । हाम्रो कार्यक्रम तर्जुमा गर्ने पद्धतिमा सुधार हुँदै आएको छ र कार्यान्वयनतर्फ पनि कार्यदक्षता वृद्धि भएको छ । चालू वर्षमा अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगबाट संचालित आयोजनाहरूमा प्रारम्भिक कठिनाईको कारणले प्रगति केही कम हुन गएकोमा अब ती प्रारम्भिक कठिनाईहरू धेरै पार गरी सकेकोले आगामी वर्षमा उत्साहवर्धक प्रगति हुनेछ भन्ने पूरा विश्वास छ ।

श्री ५ महाराजाधिराज सरकारको नेतृत्वमा हाम्रो देशले विकासको नयाँ मोड लिन लागेको छ । जनतामा सामाजिक चेतनाको अभिवृद्धिको साथै आर्थिक विकासप्रति भावना प्रवल हुँदै गएको छ । यस जनभावनालाई अनुशासित तथा व्यवस्थित ढंगले परिचालन गर्न सकेमा विकासको गति तीव्र हुन धेरै समय लाग्ने छैन । हाम्रो लक्ष्य हासिल गर्नलाई सबै वर्गको मेहनत र त्यागको जरूरत छ । खास गरी प्रबुद्ध वर्गले यस कार्यमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ । मलाई विश्वास छ श्री ५ महाराजाधिराज सरकारको आह्वान तथा समयको हांकलाई सबैले खुला दिलले ग्रहण गर्ने नै छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खर्च व्यहोर्ने स्रोतहरूको संक्षिप्त विवरण

रु. हजारमा

| २०२८।२९ को यथार्थ | | खर्च | २०२९।३० को संशोधित अनुमान | | २०३०।३१ को अनुमान | |
|---|---|---|---|---|---|---|
| | ८८,९६,०१ | कुल खर्च | | १,०२,०३,६५ | | १,५४,७४,८८ |
| ३२,४९,६४ | | साधारणतर्फ | ४०,२६,४२ | | ५०,५७,४९ | |
| ५६,४६,३७ | | विकासतर्फ | ६१,७७,२३ | | १,०४,१७,३९ | |
| | | **खर्च व्यहोरिने स्रोतहरू** | | | | |
| | ५५,३४,२९ | राजस्वबाट | | ६१,४०,७८ | | ७१,५६,१८ |
| | | आयको वर्तमान स्रोतबाट | | | ६८,५६,१८ | |
| | | कर प्रशासनको सुधारबाट | | | १,५०,०० | |
| | | कर प्रस्तावबाट | | | १,५०,०० | |
| | २४,२०,३७ | विदेशी सहायता | | २०,४३,७७ | | २५,५३,४४ |
| २२,७२,६१ | | द्वि पक्षीय | १८,६८,९६ | | २३,३८,३६ | |
| १,४७,७६ | | बहु पक्षीय | १,७४,८१ | | २,१५,०८ | |
| | −९,४१,३५ | बचत (+) वा न्यून (−) | | −२०,१९,१० | | −५७,६५,२६ |
| | | **व्यहोरिने स्रोतहरू** | | | | |
| | ३,८८,८७ | विदेशी ऋण | | ४,४१,०८ | | २३,७९,०७ |
| २,६९,१४ | | द्वि पक्षीय | १,६१,०० | | ६,४२,९९ | |
| १,१९,७३ | | बहु पक्षीय | २,८०,०८ | | १७,३६,०८ | |
| | ५,००,०० | आन्तरिक ऋण | | १०,५०,०० | | २०,००,०० |
| | ५२,४८ | नगद मौज्दात (बचत−) | | ५,२८,०२ | | १३,८६,१९ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विदेशी सहायता

रु. हजारमा

| २०२८।२९ को यथार्थ | स्रोतहरू | २०२९।३०को संशोधित अनुमान | २०३०।३१ को अनुमान |
|---|---|---|---|
| | द्वि पक्षीय | | |
| २२,७२,६१ | जम्मा | १८,६८,९६ | २३,३८,३६ |
| १०,३५,७३ | भारत | ९,४८,०० | ११,३३,९७ |
| ५,३१,८२ | चीन | ३,४२,०० | ४,३६,१७ |
| ४,८०,३५ | अमेरिका | ३,८६,१० | ४,३६,७३ |
| १,६६,७१ | बेलायत | १,६१,०० | २,४६,४९ |
| ५०,०० | रूस | २५,०० | × |
| ५,०० | अन्य | ६,८६ | ७६,०० |
| | बहु पक्षीय | | |
| १,४७,७६ | जम्मा | १,७४,८१ | २,१५,०८ |
| १,४२,२९ | यू. एन. डी.पी. | १,२४,५४ | १,७७,३६ |
| ५,४७ | अन्य | ५०,२७ | ३७,७२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६८

## वाह्य ऋण

रू. हजारमा

| २०२८।२९ को यथार्थ | ऋण | २०२९।३० को संशोधित अनुमान | २०३०।३१ को अनुमान |
|---|---|---|---|
| | द्वि पक्षीय | | |
| २,६६,१४ | जम्मा | १,६१,०० | ६,४२,९९ |
| × | अमेरिका | × | २,३१,५५ |
| १,६६,७१ | वेलायत | १,६१,०० | २,४९,४९ |
| × | रूस | × | ६०,०० |
| ९९,४३ | क्यानडा | × | ६६,९५ |
| × | डेनमार्क | × | ३५,०० |
| | बहु पक्षीय | | |
| १,१९,७३ | जम्मा | २,८०,०८ | १७,३६,०८ |
| ९९,५८ | एशियाली विकास बैंक | २,०८,७८ | ११,९९,४९ |
| २०,१५ | विश्व बैंक | ७१,३० | ५,३६,५९ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# राजस्व अनुमान
## (२०३०–३१)

रु. हजारमा

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | कर प्रशासन सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | कुल जम्मा | ६८,५६,१८ | १,५०,०० | १,५०,०० | ७१,५६,१८ |
| १ | भन्सार | | २६,८८,०० | ६५,०० | ६०,०० | २८,१३,०० |
| | | (क) निकासीबाट | २,५०,०० | २५,०० | २०,०० | २,९५,०० |
| | | (ख) पैठारीबाट– | १५,३०,०० | ४०,०० | १५,०० | १५,८५,०० |
| | | (ग) भारतबाट अन्तःशुल्क फिर्ता– | ८,९३,०० | × | २५,०० | ९,१८,०० |
| | | (घ) विविध– | १५,०० | × | × | १५,०० |
| २ | अन्तः शुल्क | | ७,२३,०० | ३१,०० | १५,०० | ७,६९,०० |
| | | (क) ठेक्का रकम– | १,७५,०० | × | × | १,७५,०० |
| | | (ख) औद्योगिक उत्पादन | ५,२८,०० | ४१,०० | १०,०० | ५,७९,०० |
| | | (ग) कृषि उत्पादन– | १०,०० | -१०,०० | × | × |
| | | (घ) विविध– | १०,०० | × | ५,०० | १५,०० |
| ३ | माल पोत | | ८,५०,०० | × | ५०,०० | ९,००,०० |
| | | (क) रैकर | ८,५०,०० | × | ५०,०० | ९,००,०० |
| ४ | वन | | ४,००,०० | × | × | ४,००,०० |
| | | (क) लकडी बिक्री– | ३,७४,८० | × | × | ३,७४,८० |
| | | (ख) शिकार तथा रोयल्टी– | २० | × | × | २० |
| | | (ग) विविध– | २५,०० | × | × | २५,०० |
| ५ | कर | | १२,४२,५५ | २४,०० | २५,०० | १२,९१,५५ |
| | | (क) आयकर– | २,५०,०० | ५,०० | २०,०० | २,७५,०० |
| | | (ख) मनोरञ्जन कर– | ४३,३५ | ५,०० | × | ४८,३५ |
| | | (ग) शहरी क्षेत्रको घर जग्गा– | १६,०० | ५,०० | ५,०० | २६,०० |
| | | (घ) सवारी कर– | ५८,०० | ७,०० | × | ६५,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | कर प्रशासन सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | (ङ) हवाई उडान कर | १३,२० | × | × | १३,२० |
| | | (च) होटेल कर– | १५,०० | × | × | १५,०० |
| | | (छ) ठेक्का कर– | ४२,०० | × | × | ४२,०० |
| | | (ज) बिक्री कर– | ७,६०,०० | × | × | ७,६०,०० |
| | | (झ) मोटर कर– | १५,०० | २,०० | × | १७,०० |
| ६ | रजिष्ट्रेशन | | २,१४,६० | ३०,०० | × | २,४४,६० |
| | | (क) घर जग्गा– | २,००,०० | २५,०० | × | २,२५,०० |
| | | (ख) फाराम रजिष्ट्रेशन | २,०० | × | × | २,०० |
| | | (ग) एजेन्सी रजिष्ट्रेशन– | २० | × | × | २० |
| | | (घ) बन्दूक पिस्तोल रजिष्ट्रेशन– | १,४० | ५,०० | × | ६,४० |
| | | (ङ) सवारी लाइसेन्स– | ११,०० | × | × | ११,०० |
| ७ | सिंचाई पानी | | १९,५० | × | × | १९,५० |
| | | (क) पानी घोत– | ३,०० | × | × | ३,०० |
| | | (ख) धारा महसूल– | १६,५० | × | × | १६,५० |
| ८ | सञ्चार | | ६२,०० | × | × | ६२,०० |
| | | (क) हुलाक– | ६२,०० | × | × | ६२,०० |
| ९ | यातायात | | ३६,०० | × | × | ३६,०० |
| | | (क) हवाई– | २४,०० | × | × | २४,०० |
| | | (ख) विविध– | १२,०० | × | × | १२,०० |
| १० | विद्युत | | ४९,०० | × | × | ४९,०० |
| | | (क) ग्वायल्टी | २४,०० | × | × | २४,०० |
| | | (ख) अन्य | २५,०० | × | × | २५,०० |
| ११ | साँवा-व्याज तथा लाभांश | | ३,७६,५३ | × | × | ३,७६,५३ |
| | | (क) कम्पनी कर्पोरेशन लाई दिएको ऋणको व्याज– | ६३,५३ | × | × | ६३,५३ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | बर्तमान स्रोतबाट | कर परिवर्तनबाट | कर प्रशासन सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | (ख) सरकारी कर्मचारीलाई दिएको ऋणको ब्याज- | ३,०० | × | × | ३,०० |
| | | (ग) शेयरमा लगानी | २,१०,०० | × | × | २,१०,०० |
| | | (घ) कम्पनी कर्पोरेशनलाई दिएको ऋण फिर्ता– | ६५,०० | × | × | ६५,०० |
| | | (ङ) सरकारी कर्मचारीलाई गएको ऋण फिर्ता– | ३५,०० | × | × | ३५,०० |
| १२ | निजामती प्रशासन | | १,०३,०० | × | × | १,०३,०० |
| | | (क) न्याय– | २८,०० | × | × | २८,०० |
| | | (ख) शिक्षा– | ६,५० | × | × | ६,५० |
| | | (ग) स्वास्थ्य– | ४,०० | × | × | ४,०० |
| | | (घ) पशु तथा मत्स्य पालन– | ८,०० | × | × | ८,०० |
| | | (ङ) सूचना तथा प्रसार– | ५० | × | × | ५० |
| | | (च) विविध– | ५६,०० | × | × | ५६,०० |
| १३ | विविध | | ९२,०० | × | × | ९२,०० |
| | | (क) पासपोर्ट र भिसा | १२,०० | × | × | १२,०० |
| | | (ख) अभियान ग्वायल्टी– | २,०० | × | × | २,०० |
| | | (ग) अरू फुटकर– | ७८,०० | × | × | ७८,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०२८।२९ को यथार्थ र २०२९।३० को संशोधित

### राजस्व अनुमान

रू. हजारमा

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०२८।२९ को यथार्थ | २०२९।३० को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | ५५,३४,२९ | ६१,४०,७८ |
| १ | भन्सार | | १९,८५,९८ | २३,४५,४० |
| | | (क) निकासीबाट– | २,७३,३१ | १,२८,४० |
| | | (ख) पैठारीबाट– | ११,७३,३७ | १३,९०,०० |
| | | (ग) भारतबाट अन्तःशुल्क फिर्ता– | ५,०९,०३ | ८,१२,०० |
| | | (घ) विविध– | ३०,२७ | १५,०० |
| २ | अन्तःशुल्क | | ६,३५,९१ | ६,७१,०० |
| | | (क) ठेक्का रकम– | १,७१,८५ | १,७१,०० |
| | | (ख) औद्योगिक उत्पादन– | ४,३८,०३ | ४,८०,०० |
| | | (ग) कृषि उत्पादन– | १२,३८ | ९,०० |
| | | (घ) विविध– | १३,६५ | ११,०० |
| ३ | मालपोत | | ८,३१,७० | ८,३१,०० |
| | | (क) रैकर | ८,३१,७० | ८,३१,०० |
| ४ | वन | | २,२५,३८ | ३,३०,१० |
| | | (क) लकडी बिक्री– | २,०३,८५ | ३,१०,०० |
| | | (ख) शिकार तथा रोयल्टी– | १५ | १० |
| | | (ग) विविध– | २१,३८ | २०,०० |
| ५ | कर | | १०,२४,५५ | ११,४९,७० |
| | | (क) आय कर– | २,२०,४५ | २,४०,०० |
| | | (ख) मनोरञ्जन कर– | २७,८५ | ३७,७० |
| | | (ग) शहरी क्षेत्रको घर जग्गा– | ६,०४ | ९,०० |
| | | (घ) सवारी कर– | ३२,६२ | ५२,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०२८।२९ को यथार्थ | २०२९।३० को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | (ङ) हवाई उडान कर | ५,६० | १२,०० |
| | | (च) होटेल कर– | ९,११ | १३,०० |
| | | (छ) ठेक्का कर– | ३२,०८ | ३८,०० |
| | | (ज) बिक्री कर– | ६,६०,८० | ७,४०,०० |
| | | (झ) मोटर कर– | × | ५,०० |
| ६ | रजिष्ट्रेशन | | १,८८,५४ | २,०८,२५ |
| | | (क) घर जग्गा– | १,७३,४३ | १,९५,०० |
| | | (ख) फाराम रजिष्ट्रेशन– | ४,७३ | १,७० |
| | | (ग) एजेन्सी रजिष्ट्रेशन– | २ | १५ |
| | | (घ) बन्दूक पिस्तोल रजिष्ट्रेशन– | १,४० | १,४० |
| | | (ङ) सवारी लाइसेन्स– | ८,९६ | १०,०० |
| ७ | सिंचाई पानी | | १७,७१ | १८,२५ |
| | | (क) पानी पोत– | २,१९ | २,२५ |
| | | (ख) धारा महसूल– | १५,५२ | १६,०० |
| ८ | सञ्चार | | ५८,०९ | ६०,०० |
| | | (क) हुलाक– | ५८,०९ | ६०,०० |
| ९ | यातायात | | १६,६३ | ३२,०० |
| | | (क) हवाई– | ११,०० | २२,०० |
| | | (ख) विविध– | ५,६३ | १०,०० |
| १० | विद्युत | | × | ४०,०० |
| | | (क) न्वायल्टी | × | २३,०० |
| | | (ख) अन्य | × | १७,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०२८।२९ को यथार्थ | २०२९।३० को संशोधित अनुमान |
|---|---|---|---|---|
| ११ | साँवा ब्याज तथा लाभांश | | ३,२९,२१ | २,७५,०० |
| | | (क) कम्पनी कर्पोरेशन लाई दिएको ऋणको ब्याज– | ४,७३ | ५,०० |
| | | (ख) सरकारी कर्मचारीलाई दिएको ऋणको ब्याज | १०,२१ | ५,०० |
| | | (ग) शेयरमा लगानी | २,४५,५९ | १,९०,०० |
| | | (घ) कम्पनी कर्पोरेशनलाई गएको ऋण फिर्ता– | ९,४६ | २५,०० |
| | | (ङ) सरकारी कर्मचारीलाई गएको ऋण फिर्ता- | ५९,२२ | ५०,०० |
| १२ | निजामती प्रशासन | | १,१०,४६ | ९४,५७ |
| | | (क) न्याय– | २७,६२ | २५,०० |
| | | (ख) शिक्षा– | ७,०४ | ६,१३ |
| | | (ग) स्वास्थ्य– | ५,६४ | ३,५७ |
| | | (घ) पशु तथा मत्स्य पालन– | १०,१८ | ६,५३ |
| | | (ङ) सूचना तथा प्रसार– | १,५० | ३४ |
| | | (च) विविध– | २८,४८ | ५३,०० |
| १३ | विविध | | १,१०,१३ | ८८,५१ |
| | | (क) पासपोर्ट र भिसा– | १४,१६ | ११,७१ |
| | | (ख) अभियान रवायल्टी– | १,०६ | १,८० |
| | | (ग) अरू फुटकर– | ९४,९१ | ७५,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (साधारण बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२८।२९ को यथार्थ | २०२९।३० को संशोधित अनुमान | २०३०।३१ को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अंगहरू | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६५,०६ | ६५,२७ | ६४,९३ |
| | १–२ | राजसभा | २,५० | ३,०५ | ३,११ |
| | १–३ | राष्ट्रिय–पञ्चायत | ४३,४८ | ६५,२० | ३७,६६ |
| | १–४ | महालेखा परीक्षकको विभाग | १९,३५ | २३,०० | १९,३० |
| | १–५ | सर्वोच्च अदालत | १२,१० | १३,२० | १३,८४ |
| | १–६ | लोक सेवा आयोग | ११,३१ | १६,५० | १८,६२ |
| | १–७ | निर्वाचन आयोग | २०,८४ | २१,५० | २२,०१ |
| २ साधारण प्रशासन | २–१ | मन्त्रिपरिषद् | १३,३३ | १७,६० | १८,०० |
| | २–२ | श्री ५ को सरकारको सचिवालय | १,०१,३७ | १,३०,२० | १,१६,८४ |
| | २–३ | जिल्ला प्रशासन | १,१०,९३ | १,३२,८० | १,३९,६४ |
| | २–४ | प्रहरी | ३,०६,९४ | ३,३७,८० | ४,००,२२ |
| | २–५ | कारागार | ३५,४१ | ६१,२० | ६८,६२ |
| | २–६ | विविध | ४०,०२ | ३२,२० | ३२,४२ |
| | २–७ | प्रशासन सुधार | × | ९,०० | १६,०० |
| ३ राजस्व प्रशासन | ३–१ | मालपोत | ५६,७८ | ६६,७० | ७८,२३ |
| | ३–२ | भन्सार | ३५,९८ | ४४,३० | ४२,५१ |
| | ३–३ | अन्तःशुल्क | १७,४५ | २०,३० | २१,३४ |
| | ३–४ | कर | १६,६५ | २१,४० | २१,०१ |
| | ३–५ | आय र कर अदालत | १,५१ | १,७० | १,७१ |
| ४ आर्थिक प्रशासन योजना | ४–१ | योजना | × | × | ७,१८ |
| | ४–२ | तथ्याङ्क | १३,०७ | १७,०० | १७,८१ |
| | ४–३ | टक्सार | १८,६८ | २३,०० | २४,७४ |
| | ४–४ | महालेखापाल कार्यालय | १०,१२ | १०,९५ | १३,३६ |
| | ४–५ | मेट्रिक नापतौल | ३,११ | ३,१० | ६,९८ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८६

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२८।२९ को यथार्थ | २०२९।३० को संशोधित अनुमान | २०३०।३१ को अनुमान |
|---|---|---|---|---|---|
| ५ | ५–१ | अदालत | ५४,५६ | ७०,३० | ७२,७१ |
| न्याय प्रशासन | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | ५,८३ | २,७० | २,९९ |
| ६ | ६–१ | वैदेशिक सेवा | १,१२,५१ | १,३७,०० | १,३०,२४ |
| वैदेशिक सेवा | ६–२ | विविध | ३५,९६ | ३९,०० | ३५,३८ |
| ७ रक्षा | ७–१ | रक्षा | ६,३२,१८ | ७,१०,४० | ८,३१,६५ |
| ८ | ८–१ | शिक्षा | ३,४४,८८ | ३,५१,८० | ४,००,३५ |
| सामाजिक | ८–२ | स्वास्थ्य | १,६१,१२ | १,९८,७५ | २,४३,६० |
| सेवाहरू | ८–३ | पिउने पानी | १०,१७ | १३,०० | १६,९५ |
| | ८–४ | पञ्चायत | १,००,२७ | १,३०,४० | १,३४,५५ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | ७८,५९ | ९८,८० | १,२४,७६ |
| ९ | ९–१ | कृषि | ४१,३२ | ६४,७० | ७३,१९ |
| आर्थिक | ९–२ | सिंचाई | १६,५८ | २५,०० | २१,७८ |
| सेवाहरू | ९–३ | भूमिसुधार | ३५,३३ | ४२,५० | ५१,५१ |
| | ९–४ | नापी | १०,९७ | १३,५० | १७,२९ |
| | ९–५ | वन | ३७,९९ | ४४,५० | ३८,७६ |
| | ९–६ | उद्योग तथा खानी | १४,३८ | १६,२० | १६,३१ |
| | ९–७ | संचार | ७६,०५ | १,०८,५० | १,३४,१६ |
| | ९–८ | यातायात | १,१७,२७ | १,५१,८० | १,८५,०२ |
| | ९–९ | विद्युत् | ३१,७९ | ४४,०० | ५२,२५ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ६,१४ | ५,९० | ६,९७ |
| १० ऋण तथा लगानी | १०–१ | ऋण तथा लगानी | २९,९६ | १,१२,६० | १,०९,५५ |
| ११ साँवा र व्याज | ११–१ | साँवा भुक्तानी | १३,४९ | १५,६० | २,०२,५७ |
| भुक्तानी | ११–२ | व्याज भुक्तानी | ७६,९३ | १,६५,०० | ३,५७,३७ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२८।२९ को यथार्थ | २०२९।३० को संशोधित अनुमान | २०३०।३१ को अनुमान |
|---|---|---|---|---|---|
| १२ विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २५,०७ | ३८,०० | ४५,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ३८,३६ | ७८,५० | ८७,०० |
| | १२–३ | अतिथि सत्कार | १,५९ | २,०० | ३,५० |
| | १२–४ | आकस्मिक सहायता चन्दा र पुरस्कार | २,२० | ६० | १,०० |
| | १२–५ | मुआब्जा | ६,१८ | ३,०० | ८,०० |
| | १२–६ | अन्य | १,१५,७२ | १,३६,७० | १,२२,०० |
| | १२–७ | भैपरिआउने | ५९,६६ | ६८,४० | ४,२५,०० |
| | | | २,४९,६४ | ४०,२६,४२ | ५०,५७,४९ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (विकास बजेट)

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२८।२९ को यथार्थ | २०२९।३० को संशोधित अनुमान | २०३०।३१ को अनुमान |
|---|---|---|---|---|---|
| २ साधारण प्रशासन | २–७ | प्रशासन सुधार | १९,२० | १६,०० | १४,५४ |
| ४ आर्थिक प्रशासन र योजना | ४–१ | योजना | ७२ | ४,०० | ५०,०० |
| | ४–२ | तथ्याङ्क | ३६,९1 | २४,०० | १८,८८ |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | २,८५,८९ | ५,२४,५० | ८,२२,१४ |
| | ८–२ | स्वास्थ्य | २,५३,४३ | २,८८,०० | ३,९४,२३ |
| | ८–३ | पिउने पानी | ८४,७१ | १,४८,५० | २,६५,४४ |
| | ८–४ | पञ्चायत | १,०१,६२ | १,८०,०० | १,८४,६८ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | २६,1५ | ५७,०० | १,१४,३३ |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | ४,०५,८० | ५,५८,९८ | १०,७३,३४ |
| | ९–२ | सिंचाई | ४,४७,८४ | ३,६२,७९ | १०,७८,६६ |
| | ९–३ | भूमिसुधार | २०,५३ | ३७,४० | ३३,०७ |
| | ९–४ | नापी | ६३,०२ | ७२,०० | ९४,२८ |
| | ९–५ | वन | १,३२,१३ | १,४९,२२ | २,१०,४५ |
| | ९–६ | उद्योग तथा खानी | ७,५१,७५ | ४,७७,१५ | १२,२७,०९ |
| | ९–७ | संचार | ५२,६४ | १,१४,५४ | १,४२,३९ |
| | | (क) हुलाक | (३८,९६) | (८२,५४) | (३२,३६) |
| | | (ख) दूर सञ्चार | (१३,६८) | (३२,००) | (१,१०,०३) |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२८।२९ को यथार्थ | २०२९।३० को संशोधित अनुमान | २०३०।३१ को अनुमान |
|---|---|---|---|---|---|
| | ९–८ | यातायात | २२,९९,६८ | २७,४४,९० | ३७,७१,९४ |
| | | (क) सडकहरू | (१६,५२,११) | (१७,२४,८९) | (२४,७७,५४) |
| | | (ख) पूलहरू | (२४,०८) | (५९,५०) | (२,४६,२२) |
| | | (ग) हवाई | (६,२३,४९) | (९,६०,५१) | (१०,४८,१८) |
| | ९–९ | विद्युत् | ३,६५,४९ | २,५५,०० | ७,२८,७६ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ६९,७५ | १,०६,२५ | १,०४,२२ |
| १२ विविध | १२–६ | अन्य | १,७५,०२ | १७,०० | २८,९५ |
| | १२–७ | भँपरिआउने | ५४,०९ | ४०,०० | ६०,०० |
| | | | ५६,४६,३७ | ६१,७७,२३ | १,०४,१७,३९ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिवर्त्य विदेशी विनिमयको
## आय-व्यय विवरण

रु. हजारमा

| क्रम संख्या | शीर्षक | २०२८।२९ को यथार्थ | २०२९।३० को संशोधित अनुमान | २०३०।३१ को अनुमान |
|---|---|---|---|---|
| | आय | ३२,६६,११ | ३४,१५,८० | ३५,७५,०० |
| १ | अदृश्य निर्यात | १३,२२,१० | १३,७५,०० | १६,५०,०० |
| | (क) निवृत्तभरण र तलब | (६,७०,६५) | (५,००,००) | (६,००,००) |
| | (ख) लगानीको ब्याज | (४,२८,८०) | (४,४०,००) | (४,५०,००) |
| | (ग) पर्यटन | (२,२२,६५) | (४,३५,००) | (६,००,००) |
| २ | मालसामानको निर्यात | १२,८५,९६ | १३,५०,०० | १२,००,०० |
| ३ | विदेशी नियोगहरू | १,२१,९३ | १,५९,०० | १,७५,०० |
| ४ | विदेशी सहायता ( अनुदान तथा ऋण ) | २,२८,५४ | ३,०१,८० | ३,००,०० |
| ५ | विविध | ३,०७,५८ | २,३०,०० | २,५०,०० |
| | व्यय | २४,५४,४९ | २३,६८,०० | ४३,३९,५० |
| १ | अदृश्य आयात | ३,१७,५६ | २,४८,०० | ५,२०,०० |
| २ | मालसामानको आयात | १५,३५,३९ | १८,१८,०० | ३५,००,०० |
| | (क) विकास सामानहरू | (५,७२,६७) | (५,६०,००) | (२०,००,००) |
| | (ख) उपभोग्य सामानहरू | (९,६२,७२) | (१२,५८,००) | (१५,००,००) |
| ३ | कूटनैतिक नियोगहरू | १,१९,९४ | १,२०,०० | १,९०,०० |
| ४ | ऋण मोचन कोष | २७,८८ | ६८,०० | ६२,६४ |
| ५ | विविध | ४,५३,७२ | १,१४,०० | ६६,८६ |
| | बचत (+) घाटा (−) | ८,११,६२ | १०,४७,८० | −७,६४,५० |

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।